## सूचना २

श्री ५ को सरकारले मिति २०४६।४।२ को निर्णयानुसार नेपाल इन्जिनीयरिङ सेवा, इलेक्ट्रोनिक तथा टेलिकम्युनिकेशन समूह, राजपत्रांकित द्वितीय श्रेणी,सहायक सचिव स्तरका श्री प्रभाकर अधिकारीलाई सोही सेवा, समूह र श्रेणीको उप-सचिवस्तरको पदमा मिति २०४६।३।१५ देखि लागू हुने गरी बढुवा गरी देहायबमोजिम पदस्थापन गरेको छ ।

| साबिक पद र कार्यालय | पदस्थापन भएको पद र कार्यालय |
|---|---|
| डिभिजनल रेडियो इन्जिनीयर, हवाई विभाग । | वरिष्ठ प्राविधिक अधिकृत, पदसंकेत नं. ०९।२, संचार मन्त्रालय । |

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ३९, मिति २०४६।२।३० संख्या ९ र खण्ड ३९ मिति २०४६।४।९ संख्या १५ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसारको माल वस्तुहरू निर्यात गर्ने निर्यातकर्ताहरूलाई दिइने नगद अनुदान सम्बन्धी व्यवस्थालाई २०४६ साल पौष मसान्तसम्म कायम राख्ने र जुट हेंसियनको हकमा मिति २०४६।४।१ देखिको निर्यातवापत ३५% नगद अनुदान दिने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

292